# नेपाल दूरसञ्चार प्राधिकरणको कार्यालय भवन भाडामा लिन तयार गरिएको
## Specification

**घर (Building) भएमा :**

१. क्षेत्रः सिंहदरवारबाट ३ किलोमिटरको आसपासका क्षेत्रहरु नयाँबानेश्वर, कुपण्डोल, थापाथली, त्रिपुरेश्वर, बबरमहल, अनामनगर, पुतलिसडक, कमलादी, नक्साल, भाटभटेनी, लैनचौर, लाजिम्पाट, कालिकास्थान र डिल्लीबजार आदि ।
२. प्रस्तावित घर करीव ३ देखि ६ रोपनी क्षेत्रफलको कम्पाउण्डमा बनेको हुनु पर्नेछ ।
३. मुख्य मोटर बाटोबाट दोहोरो रुपमा गाडी आउन जान सक्ने (कम्तीमा २० फिटको) पिच बाटो हुनु पर्नेछ ।
४. उपरोक्त जग्गामा बनेको घर भूकम्प प्रतिरोधात्मक Frame Structure मा बनेको पिलर सिष्टमको हुनु पर्नेछ ।
५. घरमा कम्तीमा ५५ देखि ६० वटा कोठाको व्यवस्था भएको हुनु पर्नेछ र घर जग्गाको क्षेत्रफल कम्तीमा ९,००० देखि १२,००० बर्ग फिटको हुनु पर्नेछ ।
६. भाडामा दिन चाहेको घर एउटै कम्पाउण्ड भित्र एउटा वा संगै रहेको एक भन्दा बढि भएपनि हुनेछ ।
७. घरको प्रत्येक तल्लामा एउटा Common Toilet/Bathroom को व्यवस्था पर्याप्त हुनुपर्नेछ र आवश्यकता अनुसार Attached Toilet/Bathroom भएमा विशेष ग्राह्यता दिईनेछ ।
८. Electrification, Plumbing, Toilet, कौंशी र कम्पाउण्डको ढल निकासा व्यवस्थित हुनु पर्नेछ ।
९. पानीको व्यवस्थाको लागि कम्तीमा १०,००० लिटर क्षमताको Underground Water Tank हुनु पर्ने र सोही अनुसार पानी तान्ने क्षमताको वाटर पम्प सहित माथि कौंशीमा रहेको ट्याङ्की व्यवस्थित र नियमित रुपमा पानी आपूर्तिको व्यवस्था हुनु पर्नेछ ।
१०. पर्याप्त मात्रामा उज्यालो (Natural Light) हुने गरी झ्यालको व्यवस्था भएको हुनु पर्नेछ ।
११. जग्गाको सबै तर्फ कम्पाउण्डवालले घेरिएका`सुरक्षित र गाडी आवत जावत गर्न सजिलो हुने गरी पाकिङ्ग सुविधा सहित गेटको व्यवस्था भएको हुनु पर्नेछ ।
१२. घर, जग्गा मूल सडकबाट बढीमा करीव २५० मिटर सम्ममा हुनु पर्नेछ ।
१३. कम्पाउण्डमा कम्तीमा २५ वटा मोटर र ३० वटा मोटर साइकल पार्किङ्गको व्यवस्था हुनु पर्नेछ ।
१४. कम्पाउण्डमा Security Guard को लागि छुट्टै व्यवस्था गरिएको हुनु पर्नेछ ।
१५. प्रस्ताव साथ भवनको स्वीकृत नक्सा, निर्माण सम्पन्न प्रमाणपत्र, लालपूर्जा र २०७४।७५ सम्म कर तिरेको प्रमाणीत प्रतिलिपि संलग्न गर्नुपर्ने छ ।
१६. प्रस्तावित भाडा दरमा नेपाल सरकारको नियमानुसार कर कट्टि गरी सम्झौता अनुरुप भाडा भुक्तानी गरिने छ ।
१७. घर जग्गाको भाडा नेपाल दूरसञ्चार प्राधिकरणको खरिद विनियमावली, २०७३ को विनियम ११४(३) बमोजिम भाडा निर्धारण गर्न गठित घरभाडा निर्धारण समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**Business Complex भएमा :**

१. क्षेत्रः सिंहदरवारबाट ३ किलोमिटरको आसपासका क्षेत्रहरु नयाँबानेश्वर, कुपण्डोल, थापाथली, त्रिपुरेश्वर,बबरमहल, अनामनगर, पुतलिसडक, माइतीघर,कमलादी,नक्शाल, भाटभटेनी, लैनचौर कालिकास्थान, डिल्लीबजार र सुन्धारा आदि ।उ
२. क्षेत्रफलः कम्तिमा १०,००० बर्ग फिटको Open Space हुनु पर्नेछ ।
३. आवश्यकता Common Toilet/Bathroom को व्यवस्था पर्याप्त हुनुपर्नेछ र Attached Toilet/Bathroom भएमा विशेष ग्राह्यता दिईनेछ ।
४. Electrification, Plumbing को व्यवस्थित व्यवस्थाको साथै चौविसै घण्टा पानीको आपूर्ति नियमित हुनु पर्नेछ ।
५. पर्याप्त मात्रामा उज्यालो (Natural Light) हुने गरी झ्यालको व्यवस्था भएको हुनु पर्नेछ ।
६. सुरक्षा सम्बन्धी प्रबन्ध भएको हुन पर्नेछ ।
७. कम्तीमा २५ वटा मोटर र ३० वटा मोटर साइकलको लागि Compound वा Underground पार्किङ्गमा प्राधिकरणको लागि छुट्टै रिजर्भको व्यवस्था भएको हुनु पर्नेछ ।